# गीत

उनले कोरेका  हजारपत्रहरू
कागत सिवाय रहेनछ अरू

कुनैदिन उनलाइ दैब ठानि बसें
मुटु माझमा चित्र कोरि राखें
इंद्रेणिले जब रंग छाड्यो
पथ्थर सिवाय रहेनछ  अरू

कुनैदिन उनलाइ किनारा मानिबसें
औंला फुटाइ अक्षर लेखि राखें
यथर्था ले जब, पर्दाहरू उडायो
नाटक सिवाय रहेनछ अरू

–कपिल अधिकारी